# बेसीशहर नगरपालिका कार्यालय

## पदपूर्ति समितिको सचिवालय

## बेसीशहर,लमजुङ

## स्थायी पदपूर्ति सम्वन्धी सूचना

**सूचना नं. १/०७२–७३ मिति २०७२/११/२१**

यस नगरपालिकाको पदपूर्ति समितिको मिति २०७२/०९/२७ को निर्णयानुसार निम्नानुसारको पदहरु खुल्ला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट पदपूर्ति समितिको सचिवालय, लमजुङद्धारा तोकिएको ढाँचाको दरखास्त फारमको आव्हान गरिन्छ।

**तपसिल**

<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">वि.नं.</th><th rowspan="2">पदपूर्ति को किसिम</th><th rowspan="2">मागपद संख्या</th><th rowspan="2">पद</th><th rowspan="2">तह</th><th colspan="2">परीक्षा मिति</th></tr>
<tr><th>प्रथम पत्र</th><th>द्धितीय पत्र</th></tr>
<tr><td>१</td><td>१/०७२-७३</td><td>खुला</td><td>१(एक)</td><td>सिभिल इन्जिनियर</td><td>अधिकृत छैटौं</td><td>२०७३।०१।०८ गते विहान ११.०० बजे</td><td>२०७३।०१।०८ गते दिउसो २.०० बजे</td></tr>
<tr><td>२.</td><td>२/०७२-७३</td><td>खुला</td><td>१(एक)</td><td>सव ईन्जिनियर (प्राविधिक)</td><td>सहायक स्तर पाँचौ</td><td>२०७३।०१।०९ गते विहान ८.०० बजे</td><td></td></tr>
<tr><td>३.</td><td>३/०७२-७३</td><td>खुला</td><td>१(एक)</td><td>अमिन ( प्राविधिक</td><td>सहायक स्तर चौथो</td><td>२०७३।०१।०९ गते दिउसो ४.०० बजे</td><td></td></tr>
<tr><td>४.</td><td>४/०७२-७३</td><td>खुला</td><td>२(दुई )</td><td>कार्यालय सहायक प्रशासन</td><td>सहायक स्तर पाँचौ</td><td>२०७३।०१।१० गते विहान ११.०० बजे</td><td>२०७३।०१।१० गते दिउसो १.०० बजे</td></tr>
<tr><td>५.</td><td>५/०७२-७३</td><td>खुला</td><td>३ (तीन)</td><td rowspan="4">वडा सचिव / कार्यालय सहायक प्रशासन</td><td rowspan="4">सहायक स्तर चौथो</td><td rowspan="4">२०७३।०१।११ गते विहान ११.०० बजे</td><td rowspan="4">२०७३।०१।११ गते दिउसो १.०० बजे</td></tr>
<tr><td>६.</td><td>६/०७२-७३</td><td>महिला</td><td>१ (एक)</td></tr>
<tr><td>७.</td><td>७/०७२-७३</td><td>आदिबासी जनजाति</td><td>१ (एक)</td></tr>
<tr><td>८.</td><td>८/०७२-७३</td><td>मधेसी</td><td>१ (एक)</td></tr>
</table>

**परीक्षाको किसिम :**

**अधिकृत स्तर छैटौ तह (सिभिल ईन्जिनियर) को लागिः** लिखित र अन्तरवार्ता।

**सहायक स्तर पाँचौ तह (सव ईन्जिनियर) को लागिः** लिखित र अन्तरवार्ता।

**सहायक स्तर पाँचौ तहको लागिः** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता।

**सहायक स्तर चौथो तह (अमिन) को लागिः** लिखित र अन्तरवार्ता।

**सहायक स्तर चौथो तहको लागिः** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता।

**परीक्षा केन्द्रः** पदपूर्ति समितिको सचिवालय, बेसीशहर नगरपालिकाले सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

**परीक्षा दस्तुरः** अधिकृत स्तर छैटौं तहको लागि रु १०००। (एक हजार ), सहायक स्तर पाँचौ तहको लागि रु ४००। (चार सय) र सहायक स्तर चौथो तहको लागि रु ३००। (तीन सय) तथा सहायक स्तर चौथो तहको समावेशी तर्फ प्रत्येक थप समूहको लागि रु १००। (एक सय) दस्तुर लाग्नेछ ।

**परीक्षामा प्रयोग गर्ने मसीः** पदपूर्ति समितिको मिति २०७२/०९/२७ को निर्णय अनुसार परीक्षार्थीले परीक्षा दिंदा उत्तरपुस्तिकामा कालो मसी मात्रै प्रयोग गर्नुपर्नेछ । अन्यथा परीक्षा रद्द हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**दरखास्त फारम र पाठ्यक्रमः** **पदपूति समिति, लमजुङले** तोकेको ढाँचा अनुरुप हुने र बेसीशहर नगरपालिका कार्यालय, लमजुङ्गबाट रु.१५० मा उपलब्ध गराइने ।

**दरखास्त दिने स्थानः** **पदपूर्ति समितिको सचिवालय,** बेसीशहर **नगरपालिका, लमजुङ्ग ।**

परीक्षा भवनमा प्रवेश पत्र वितरण नगरिने निर्णय भएको हुँदा अनिवार्य रुपमा परीक्षा संचालन हुने दिन अगावै दरखास्त बुझाएको कार्यालयबाटै प्रवेशपत्र लिनुहुन सुचित गरिन्छ ।

**दरखास्त दिने अन्तिम मितिः** २०७२/१२/११ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०७२/१२/१८ गते सम्म ।

**अन्तरवार्ता हुने मितिः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सम्बन्धित शाखा तथा पद नाम अनुसार ।

**तलबः** प्रचलित स्केल बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

अधिकृत स्तर छैटौं तह (सिभिल ईन्जिनियर) को लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषय लिइ वि.ई. उत्तिर्ण ।

सहायक स्तर पाँचौ तह (सब ईन्जिनियर) को लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

सहायक स्तर चौथो तह (अमिन) का लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको ।

सहायक स्तर पाँचौ तह (प्रशासन) को लागिः लोक सेवा आयोगद्धारा ना.सु.पदका लागि निर्धारण गरेको शैक्षिक योग्यता बमोजिम ।

सहायक स्तर चौथो तह (प्रशासन) का लागिः लोक सेवा आयोगद्धारा खरीदार पदका लागि निर्धारण गरेको शैक्षिक योग्यता बमोजिम ।

**द्रष्टव्यः**

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र आ) चारित्रिक प्रमाणपत्र) र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवम् दरखास्त दस्तुर बुझाएको सक्कल नगदी रसिद पेश गर्नुपर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयम्ले *सक्कल बमोजिम नक्कल ठीक छ* भनी दस्तखत गर्नु पर्नेछ ।

ख) दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र साथै महिला र अपाङ्गको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ । नगरपालिकाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

घ) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

ङ) विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि प्राप्त गरी दरखास्त पेश गर्ने उम्मेदवारले नेपाल सरकारले मान्यता दिएको समकक्षता निर्धारण उम्मेदवार स्वयंले पेश गर्नुपर्नेछ ।

च)	पदपूर्ति समितिद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

छ)	लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुले अन्तरवार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

ज)	पाठ्यक्रम दरखास्त बुझाउने स्थानबाटै प्राप्त गर्न सकिनेछ ।

झ)	सहयोगी लेखक राख्नुपर्ने उम्मेदवारले कारण सहित लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै पदपूर्ति समितिको सचिवालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन समिति बाध्य हुने छैन ।

ञ) समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरु

- आदिवासी / जनजातीको हकमा आदिवासी/जनजाती उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातीको हकमा सोही सुचिको आधारमा तर नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाती भित्र एक भन्दा बढि थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाती भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।
- मधेशीको हकमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ट) यस सूचनामा नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । पदपूर्ति सूचना सम्बन्धी थप जानाकारी यस कार्यालयको वेभ साईट www.besishaharmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

**नोटः विस्तृत जानकारीको लागि** बेसीशहर **नगरपालिका कार्यालयमा सम्पर्क गर्नुहुन ।**

**सम्पर्क नं. :- ०६६-५२०२०४, ५२०१५०**

**सदस्य सचिव**

**पदपूर्ति समिति**